गौमुल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
घटमुना, बाजुरा
सुदूरपश्चिम प्रदेश, नेपाल
☎ ९८४८४९२७२७

पत्र संख्याः २०८१/०८२
चलानी नं 9258

मितिः २०८२।०३।०५
ने.सं. ११४५ छतलागा नवमी

विषयः भुक्तानी बन्द हुने सम्बन्धमा।

श्री सरोकारवाला सबै,
गौमुल गाउँपालिका, बाजुरा।

प्रस्तुत विषयमा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३० को उपनियम १ बमोजिम सबै प्रकारका भुक्तानी दिनुपर्ने रकम आर्थिक वर्ष समाप्त हुनुभन्दा कम्तिमा ७ दिन अगावै भुक्तानी दिई निकासा र खर्चको लेखा अद्यावधिक गरि भुक्तानी निकासा बन्द गर्नुपर्ने व्यावस्था भएकाले यस गाउँपालिकाको कार्यालयबाट भुक्तानी लिन बाँकी गाउँपालिका अन्तरगतका सबै वडा कार्यालय, विषयगत शाखा, सम्पूर्ण सरोकारवाला व्यक्ति, फर्म, निर्माण व्यावसायी उपभोक्ता समिती लगायत चालु आ वमा भुक्तानी लिन बाँकी रहेका सम्पूर्ण व्यक्तिहरुले सबै प्रकारका भुक्तानी मिति २०८२।०३।१५ गतेको समय सिमा भित्र रही नियमानुसार आवश्यक कागजात तयार गरि फाईल पेश गर्न हुन अनुरोध छ।
साथै तोकिएको समय सिमा भित्र कार्यालयमा भुक्तानीको लागि कागजात पेश नभएमा, भुक्तानी नलिएमा, छुटेमा गाउँपालिका कार्यालय सो भुक्तानी प्रति कुनै जवाफदेही नहुने व्याहोरा सम्पूर्णमा जानकारीकालागि अनुरोध छ।

भोजराज भट्ट
भोजराज भट्ट
लेखापाल

जगदिश प्रसाद भट्ट
प्रमुख प्रशासकिय अधिकृत

बोधार्थः
श्री सबै वडा कार्यालय, गौमुल गाउँपालिका बाजुरा।
श्री सबै विषयगत शाखा, गौमुल गाउँपालिका बाजुरा।
श्री सूचना प्रविधि शाखा सुचना वेबसाईटमा अपलोड गर्न हुन।



CamScanner